

**के तपाईको घर पा( नीले रसाएको छ ?**

**अब चिन्ता नगर्नुहोस !**

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १00% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कर्न्सन

रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)

0६१-५७८0९९, ९८५६0२२३३३, ९८४६९१४७७३



# पोखरापत्र

राष्ट्रिय दैनिक

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्कः

0६१-५७0६५१, ९८५६0७५५७५



❑ वर्ष २४ ❑ अङ्क २३४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० भदौ १९ गते मंगलबार ❑ 5 Sept. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## पोखरालाई पर्यटनको ट्रान्जिट प्वाइट बनाउनु पर्छः मन्त्री डा.महत

**पोखरापत्र संवाददाता**

पोखरा, १८ भदौं



नेपाल सरकारका अर्थ मन्त्री डा. प्रकासशरण महतले पोखरालाई पर्यटनको केन्द्र र यसलाई ट्रान्जिट प्वाईट बनाउनु पर्ने बताए । पोखरा पर्यटन परिषदको २३ औं बार्षिक साधारणको सोमबार पोखरामा उद्घाटन गर्दै मन्त्री डा.महतले प्रकृति, संस्कृति, पर्यटकीय गन्तव्य, भूगोल लगायतका हिसावले पनि नेपालकै पर्यटनको मुख्य आकषर्णको केन्द्र पोखरा भएको बताएका हुन् ।

पोखराको पर्यटनको ट्रान्जिट प्वाइन्ट बनाउनु पर्ने उनको सुझाव थियो । पोखरा अन्तराष्टिय विमानस्थलबाट अन्तराष्ट्रिय हवाई उडान गर्ने बिषयमा सरकारले छलफल गर्दै अघि बढेको मन्त्री डा.महतले बताए । पोखरा अन्तराष्ट्रिय विमानस्थलले हाल रनिङ कस्ट धान्न समेत कठिन हुने अबस्था रहेको उनको भनाई थियो । पोखरा विमानस्थल कहाँबाट के कसरी संचालन गर्न सकिन्छ त्यसको खोजी गरिएको बताउदै मन्त्री डा.महतले निजगण विमानस्थललाई अन्तर र्ष्ट्रिय हवाई उडान गर्नु पर्नेमा जोड दिए । केही समय पश्चात पोखरामा धेरै पर्यटक आगमन हुने उनको दाबी छ । केही समय धैर्य गर्न आग्रह गर्दै मन्त्री डा.महतले बर्खायाम सकिने वितिकै पोखरा मुग्लिङ सडक खण्डको काम थप प्रभावकारी र व्यबस्थित हुने हुँदा पोखरा क्षेत्रमा सडक मार्ग हुदै पोखरा आउने पर्यटनको संख्यामा बृद्धि हुने दाबी गरे ।

नेपालमा सोच विचार र अध्ययन विना गर्ने लगानी र युवा शत्ति विदेशीनुले नेपालको अर्थतन्त्रमा ठुलो असर पारेको उनको दाबी छ । नेपालमा सामान्य अबस्थामा एकाद व्यवसायहरु राम्रो भएको भरमा विना अध्ययन लगानी गर्नुले व्यवसायीहरु ठुलो मारमा परेको बताउदै उनले अहिलेको अधिकांश युवा शक्ति विदेश जाने र जानखोज्नु परिपाटीले नेपालको अर्थतन्त्रलाई नै असर पुगेको जिकिर गरे । धेरै नकरात्मक कुरा गर्नाले युवा शक्ति नेपालमा बस्न नचाहेकोले अब प्लस टु सकेका बिद्यार्थीहरुलाई नेपालमै स्नातकतह (व्याचलर) सम्मको अध्ययन पश्चात मात्र विदेश जान पाउने प्रावधान बनाउनु पर्ने मन्त्री डा.महतले बताए ।

नेपालमा धेरै सम्भावना हुँदा हुदै विदेश जानु उपयुक्त निर्णय नभएको बताउदै मन्त्री डा.महतले बिदेशमा जानेहरु मध्य केहीले दुःख पाएको, नेपालको धेरै रकम शिक्षाका लागि बाहिरिएकोले कक्षा १२ पढेर विदेश जाने युवाहरुलाई तत्काल रोक्नु पर्ने अबस्था आएको बताए । नेपालमा शिक्षा राम्रो हुदा हुदै लटका भरमा ५० गुणा बढी रकम दियर विदेश पठाउने गरेको उनको भनाई थियो । नेपालमै विश्व स्तरकै र गुणस्तरिय तथा प्राविधिक कलेजहरु हुँदा हुँदै विदेशी नेपालको लागि ठुलो विडम्बना भएको मन्त्री डा.महतको भनाई थियो ।

नेपालको अर्थतन्त्रमा विस्तारै सुधार हुँदै आएको बताउदै उनले व्यवसायीहरुलाई केही समय धैर्य गर्न आग्रह गरे । चालु आर्थिक बर्षको भदौंको दोश्रो सातासम्म आउदा अघिल्लो बर्षको तुलनामा राजश्व संकलन, पर्यटन आगमनमा बृद्धि लगायतका केही सूचाकाङकमा सुधार हुदै आएकोले व्यवसायीहरुलाई अझै केही समय धैर्य गर्न मन्त्री डा.महतले सुझाव दिए । सरकारको सामाजिक दाहित्व र विदेशबाट लिएको ऋणको व्याज तिर्न तथा क्रमागत योजानमा बजेटमा विनियोजन गर्नुपर्ने भएकोले सरकारले यस बर्ष धेरै बजेट विकासका योजनालाई विनियोजन गर्न नसकेको उहाँको भनाई थियो । गण्डकी प्रदेशका वन उधोग पर्यटन तथा बाणिज्य मन्त्री दीपेन्द्र बहादुर थापाले धार्मिक पर्यटन सम्भावना भएको बताउदै पोखरालाई पर्यटनको हव वनाउने अभियानमा प्रदेश सरकार लाग्ने जनाए । गण्डकी प्रदेशका सांसद देवका पहारीले जलवायु परिवर्तनको कारण प्रदेशमा ठुलो जोखिम बढेको दाबी गर्दै फेवाताल संरक्षणमा संघ सरकारले ध्यान दिन माग आग्रह गरिन् । कास्कीका प्रमुख जिल्ला अधिकारी वासुदेव घिमिरेले समय परिस्थितिको व्यावसायीले सामना गर्नुपर्ने बताउदै समस्याको साझेदारी गर्न तयार रहेको बताए । नेपाल उद्योग बाणिज्य महासंघका पूर्व अध्यक्ष आनन्दराज मुल्मीले पोखराको आर्थिक बिकासको मुल आधार पर्यटन नै भएको दाबी गरे । पर्यटन क्षेत्रमा सरकारी स्तरबाट लगानी र प्रबर्द्धनमा ध्यान नपुगेको उनले दाबी गरे । देशमा आर्थिक असमानता बढेको बताउदै कर्जामा व्यावसायीको पहुच पुर्याउनु पर्ने उनको जोड थियो ।

केही घरनाले नेपालको अर्थतन्त्र आफ्नो हातमा लिएकोले यसलाई समयमै नियमन गर्न नसके देशको अर्थतन्त्र खस्कने उनको दाबी छ । परिषदका पूर्व अध्यक्ष गोपी भट्टराईले विनियोजन भएको पर्यटनको रकम प्रमोशनमा खर्च गर्न माग गरे । होटल संघ पोखरा, नेपालका अध्यक्ष लक्ष्मण सुवेदीले अबको असोजमा होटल व्यवासायीहरुले किस्ता तिर्न नसक्ने चेतावनी दिदै महानगरले घर तथा भवनको अभिलेखिकरणमा ३ सय रकम अशुल्न खोज्नु न्यायचित निर्णय नभएको गुनासो गरे । अहिलेको अबस्थामा होटल बुकिङ खासै नआएको अध्यक्ष सुवेदीले उल्लेख गरे । परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा पर्यटन व्यवसायी सहित विभिन्न संघ संस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको महासचिव संजयकान्त सिंग्देलले बताए ।

## सहकारीको ऋण नतिर्नेलाई कारवाही गर्न एमालेको निर्देशन

**पोखरापत्र संवाददाता**

पोखरा, १८ भदौं



नेकपा एमालेका सचिव गोकर्ण विष्टले सहकारीको ऋण नतिर्ने एमालेका नेता कार्यकर्ता सवैलाई पार्टीबाट कारवाही गर्न निर्देशन दिएका छन् ।

एमाले गण्डकीले सोमवार पोखरामा आयोजना गरेको अगुवा सहकारीकर्मीहरुको भेलालाई सम्बोधन गर्दै सहकारी डुवाउने, खराब कर्जाका भागिदार र गल्ती गर्नेहरु एमालेका नेता कार्यकर्ता हुन नसक्ने वताउदै त्यस्ता ब्यक्तिलाई कारवाही गर्ने स्थानीय पार्टी कमिटीलाई निर्देशन दिएका हुन् । केही केही सहकारी र त्यसका सञ्चालकहरु नै सुदखोर जस्ता भएको वताउदै एमाले सचिव विष्टले त्यस्ता ब्यक्ति र संस्थाले सहकारी आन्दोलनलाई कमजोर बनाएको उल्लेख गरे । 'कमजोरी जहाँ छ, समस्या जहाँ छ, त्यहाँ समाधान पनि छ । हरेक ठाउँमा देखिएका समस्या समाधानको पहलकद्मी एमालेका नेता कार्यकर्ताले लिनुपर्दछ ।

गल्ती गर्नेलाई कारवाही गर्नै पर्दछ' विष्टले भने । 'मिश्रित अर्थव्यवस्था र तीन खम्बे अर्थनीति एमालेको कार्यक्रम हो तर यसको सही प्रयोग र प्रचार गर्न सकिएन ।' नेता विष्टले भने, 'समाजवादमा पुग्न श्रम सहकारी बनाएर त्यसमा आवद्ध श्रमिक सदस्यहरुलाई उत्पादनमा जोड्नै पर्दछ । उर्जा र हाईड्रोमा लगानी गर्न लगाएर इक्युटी मार्फत श्रमिकलाई मालिक बनाउन सकिन्छ ।' कार्यक्रममा नेकपा एमालेका स्थायी कमिटी सदस्य एवं सहकारी विभाग प्रमुख खगराज अधिकारीले सहकारीलाई नेपालको अर्थतन्त्रको महत्वपूर्ण हिस्साको रुपमा विकास गर्न सवै परिवारलाई सहकारी संस्थामा आवद्ध गर्नुपर्नेमा जोड दिए । सामाजिक न्यायसहितको आर्थिक विकास र समृद्धि एमालेको विकास समबन्धी नीतिको सार रहेको उल्लेख गर्दै नेता अधिकारीले काँग्रेस र माओवादी सहकारी विरोधी भएको आरोप लगाए ।

पार्टीका प्रदेश उपाध्यक्ष मोहन रेग्मीको अध्यक्षतामा भएको कार्यक्रममा पोलिटब्यूरो सदस्य मन कुमारी जिसी, सहकारी अभियान्ता मिनराज कँडेल, ओमदेवी मल्ल ठकुरी, परीतोस पौडेल लगायतले सहकारी आन्दोलन, अहिले देखिएका समस्या र समाधानका उपाय, नेपालको अर्थतन्त्रमा सहकारीको योगदान लगायतका विषयमा वोलेका थिए । कार्यक्रमको सञ्चालन एमाले प्रदेश सचिव धनन्जय दवाडीले गरेका थिए ।

## सामुदायिक क्याम्पसको विकासमा सरकार प्रतिबद्ध छ : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**

तनहुँ, १८ भदौं

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सामुदायिक क्याम्पसको विकासका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ ।

तनहुँको व्यास नगरपालिका-१ भादगाउँस्थित आदिकवि भानुभक्त क्याम्पसको सोमबार आयोजित ३७औं वार्षिकोत्सवको उद्घाटन कार्यक्रममा उहाँले सामुदायिक क्याम्पसको स्तरोन्नति र पूर्वाधार निर्माणमा सरकारले सहयोग गर्ने बताउनुभयो । मुख्यमन्त्री पाण्डेले शिक्षाको गुणस्तर अभिवृद्धिका लागि प्रदेश सरकार लागि परेको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "शैक्षिक क्षेत्र गुणस्तर बनाउन नसकिए मुलुकको भविष्य अन्धकार हुन्छ । मुलुकलाई चाहिने जनशक्ति उत्पादन गर्ने थलो शैक्षिक क्षेत्र हो, त्यसको दायित्व सरकारले लिनैपर्छ ।" मुख्यमन्त्री पाण्डेले सामुदायिक क्याम्पसको विकासको दायित्व सरकारले लिनुपर्छ भनेर यसलाई नीति तथा कार्यक्रममा समावेश गरिएको बताउनुभयो । सामुदायिक


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## पोखरामा २३ बर्ष पछि निकालिएको बाघ जात्राको रौनक

**पोखरापत्र संवाददाता**

पोखरा, १८ भदौं



पोखरामा २३ बर्ष पछि बाघ जात्रा निकालिएको छ । मनोरन्जनको रुपमा मनाउने गरेको बाघ जात्रा यसपाली पोखरा महानगरपालिकाको बिषेश सहयोग हुने भए पछि धेरै बर्ष पछि निकालिएको बाघजात्रा आयोजक समितिका संयोजक जवाहरलाल श्रेष्ठले बताउनु भयो । २३ बर्ष अघि संयोजक रहनु भएका श्रेष्ठले यसबर्ष आयोजना भएको जात्रामा उल्लेखनिय रुपमा कलाकारहरु सहभागिता भएको बताउनु भयो ।

भदौ २३ गतेसम्म चल्ने उक्त जात्राको पोखराका मेयर धनराज आचार्यले सोमबार एक समारोहका बिच उद्धघाटन गर्नु भएको थियो । कार्यक्रममा बोल्दै उहाँले पोखराको पर्यटन प्रबर्द्धनमा यस्ता कार्यक्रमलाई निरन्तरता दिनु पर्ने बताउदै पोखराको पुरानो बजार र बस्ती संरक्षणमा महानगरले बिषेश ध्यान दिने बताउनु भयो ।

बाघजात्रा पोखराका विभिन्न बजार हुदै बस्तीसम्म प्रर्दशनी गरिने भएको छ । कुनै आस्था र धर्म भन्दा नितान्त फरक ढंगले परम्परादेखि मनोरन्जनको रुपमा मनाउदै आएको उक्त पर्वलाई यस बर्ष पनि पराम्परागत ढंगले मनाउने भएको सचिव सुनिल उलकले बताउनु भयो । यस अघि पोखरामा २०५७ सालमा मोहरिया टोलमा प्रर्दशन गरीएको बाघ जात्रा विभिन्न कारणले गर्दा संचालनमा ढिलो भएको बताईन्छ । लोपोन्मुख अवस्थामा रहेको जात्राको उजागर गर्न र युवापुस्तालाई पुस्तान्तरण गर्ने उद्देश्यले बाघ जात्रा आयोजना गरिएको संयोजक श्रेष्ठले बताउनु भयो । पराम्परागत रुपमा चलेको यस जात्राले जंगली जनावार बाघसंग जोडिएको पाइन्छ । पहिला पहिला गाँउ घरमा बाघले धेरैलाई दुःख दिने गरेकोले गाँउलेहरुले राजा समक्ष हार गुहार गरी शान्ति सुरक्षाको माग भए बमोजिम बाघलाई नियन्त्रण गर्न राजा सहितका प्रधानमन्त्री, प्रधान सेनापति, सुरक्षाकर्मीको टोली खटियको प्रचलन रहेको थियो । मानव बस्ती बढेसंगै जंगली जनावरको बासस्थान समेत मासिदै जादा पनि जंगली जनावर बाघ मानव बस्तीमा आएर आक्रमण गर्दा त्यसलाई मारेर मात्र मानव बस्तीको सुरक्षा हुने प्रचलन अनुसार त्यसको सिको गर्दै यसपालीको बाघ जात्रामा पनि यसको डेमो प्रर्दशनी हुने भएको सचिव उलकले दाबी गर्नु भयो । एक सय बर्ष अघि देखि पोखरामा यस जात्रा मनाउदै आएको बताइन्छ । उहाँले भन्नु भयो"यो जात्राको सुरुआत मानिस र बाघको द्वन्द्वसँग जोडिएको छ , बाघको हैरानी र डरबाट मुक्ति भएको दिनको सम्झनामा जात्रा बनाइएको हो, अहिले यो नेपाली खासगरी नेवारी समुदायको मौलिक र महत्वपूर्ण जात्राको रुपमा स्थापित छ, यसलाई हामीले जात्राको पनि महाजात्राको रुपमा लिने गर्दछौं । " जात्रामा राजा, रानी, मन्त्री, जनता, घोडा सहित सेना, कुमारी, लाखे, बाँसुरी, तायाः मचा, लगायतका नेवारी समुदायमा प्रचलित जात्रा तथा संस्कृतिको प्रर्दशन भएको संस्कृतिकर्मी अष्टमान प्रधानाङगाले बताउनु भयो । बाघ जात्रामा मात्र करिब १ सय भन्दा बढी कलाकारहरु आबद्ध हुनु भएको छ । उक्त कार्यक्रम सम्पन्न गर्न करिब १२ लाख खर्च हुने समितिले दाबी गरेको छ । शनिबार बेलुका मात्र नेवारी समुदायको तायाः माचाः नृत्य प्रतियोगिता सम्पन्न भएको सोमबार देखि बाघ जात्रा पोखरामा हुनुले पोखरामा यसले पर्यटन प्रबर्द्धनमा थप टेवा पुग्ने नेवा खलः कास्कीका अध्यक्ष असोक पालिखेले बताउनु भयो ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्पलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

# 'आर्थिक मन्दी निम्तनुमा नियमनकारी निकाय पनि दोषी'

**पोखरापत्र संवाददाता**
पोखरा, १८ भदौं

अर्थमन्त्री डा. प्रकाशशरण महतले कोभिडकालीन समयमा चाहिनेभन्दा बढी पूँजी बजार पठाइएको जिकिर गरेका छन् ।

'पहिला चाहिनेभन्दा बढी प्रवाह (पूँजी ) भएकै हो,अहिले अर्थतन्त्रमा मन्दी आएको छ। यसको जिम्मेवारी लिनेले मात्र नभएर दिनेले पनि लिनुपर्छ,' पोखरा उद्योग वाणिज्य संघले सोमबार आयोजना गरेको अन्तर्क्रियामा उनले भने,'रिभर्स र हार्ड ल्याण्डिङ गराएर हुँदैन ।'उनले मौद्रिक नीतिमार्फत् खुकुलो व्यवस्थाको लागि नेपाल राष्ट्र बैंकलाई निर्देशन दिएको बताउँदै अहिले स्थिति केही सहज भएको जिकिर पनि गरे । अर्थतन्त्र सोचेजस्तो खराब नभएको र खराब भयो भन्ने हल्ला फैलँदा उपभोक्ताले समेत खर्च घटाउने प्रवृत्ति बढ्ने खतरा देखिएको पनि



उनको जिकिर थियो । 'गलत भाष्य बन्द गरौं,' उनको आग्रह थियो । जग्गाको कित्ताकाट खुलेको,भारतीय पर्यटकको लागि १ लाख नगदसम्म ल्याउन पाउने व्यवस्था गर्नए लागिएको बताउँदै उनले व्यवसायीहरुलाई निराश नहुन आग्रह गरे । यसअघि मन्त्रीलाई स्वागत गर्दै पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष पवनकुमार प्रजापतिले अर्थतन्त्रका सूचकहरुमा सुधार आएको जिकर गरिए पनि सामान्य नागरिकले त्यसको अनुभूति गर्न नपाएको गुनासो गरे ।' पछिल्लो समय भएको मूल्यवृद्धिले नागरिकको भान्छा महंगो भएको छ। भान्छा महंगो हुँदा नागरिकमा निराशा उत्पन्न भएको छ। त्यसैले मूल्यबृद्धि नियन्त्रणमा सरकारको ध्यान जानैपर्छ,' उनले भने। उनले व्यवसायीहरुले संचालन खर्च पनि उठाउन गाह्रो भएको, चुनौती सामना गर्न थप लगानी चाहिएको भए पनि कर्जामा भएको ब्याज वृद्धिले निजी क्षेत्र थिचिएको गुनासो पनि गरे । अध्यक्ष प्रजापतिले सिथिल अर्थतन्त्रलाई गति दिन, व्यवसायीहरुको आत्मबल बढाउन र निजी क्षेत्रलाई प्रोत्साहित गर्नको लागि विशेष कार्यक्रम ल्याउनुपर्ने धारणा राखे । पोखरा उद्योग वाणिज्य संघका उद्योग उपाध्यक्ष देवेन्द्र केसीको धन्यवाद तथा महासचिव बलराम आचार्यको स्वागत रहेको कार्यक्रममा बोल्दै गण्डकीका सांसद तथा संघका पूर्वअध्यक्ष विन्दुकुमार थापाले बैंकहरुको सिण्डीकेट तोडिनुपर्ने धारणा राखे। संघका निवर्तमान अध्यक्ष नारायण कोइरालाले भारतीय ५ सयका नोट चल्ने व्यवस्था गर्न माग गरे। पोखरा पर्यटन परिषदका पूर्वअध्यक्ष गणेशबहादुर भट्टराईले चिनियाँ पर्यटकले वी च्याटबाट कारोबार गर्दा खर्च गरेको रकम चीन नै जाने गरेको जानकारी गराए । पर्यटन व्यवसायी टीका पौडेलले पर्यटन उद्योगलाई पुनर्कर्जा प्रवाह गर्न माग गरे । अर्का व्यवसायी रुद्रलाल श्रेष्ठले औद्योगिक क्षेत्रको भाडा वृद्धिले उद्योगहरु मर्कामा परेको सुनाए। संघका कार्यसमिति सदस्य राम कँडेलले राजमार्ग स्तरोन्नति छिटो हुनुपर्ने माग गरे।

# घरमा हुने प्रसूतिलाई शून्यमा झारिँदै

**पोखरापत्र संवाददाता**
पोखरा, १८ भदौं

गण्डकीलाई 'पूर्ण संस्थागत सुत्केरी' सुनिश्चितता भएको प्रदेश घोषणाका लागि विशेष अभियान थालिने भएको छ। गर्भवती तथा सुत्केरी अवस्थामा आउन सक्ने जटिलता न्यूनीकरण गर्न स्वास्थ्य सेवा र निगरानीको पहुँच अभिवृद्धि गरिने भएको हो।

पछिल्लो जनसाङ्खिक तथा स्वास्थ्य सर्वेक्षणले गण्डकी प्रदेशमा संस्थागत प्रसूति हुने दर ९६ प्रतिशत देखाएको छ। गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक खिमबहादुर खड्काले घरमा हुने प्रसूतिलाई शून्यमा झारिने बताउनुभयो । "प्रतिशतका हिसाबले त अहिले नै घोषणा गर्न पनि सकिन्छ, तर गर्भवती पहिचान गर्नु, सुत्केरी भएपछि ४२ दिनसम्म उनीहरूको विशेष स्वास्थ्य हेरचाह र उपचारमा सहज पहुँचको सुनिश्चितता हुनु मुख्य विशष हो", उहाँले भन्नुभयो, "यसका लागि कार्यविधि तयार भइसकेको छ, प्रदेशभरि यो अभियान चल्छ।" प्रदेशका केही वडा र स्थानीय तहले 'पूर्ण संस्थागत सुत्केरी' सुनिश्चता भएको घोषणा गरिसकेका छन् । निर्देशक खड्काले तथ्याङ्कमा केही प्रतिशत अझै पनि स्वास्थ्य संस्था बाहिर सुत्केरी हुने गरेको देखिएको भन्दै छुटेकालाई स्वास्थ्य संस्थामा ल्याइने बताउनुभयो। "गर्भवती भएर स्वास्थ्य संस्थाको सम्पर्कमा आएका महिलालाई प्रोटोकलअनुसार गर्भ जाँच, सुरक्षित प्रसूति सेवा र सुत्केरी जाँचको सुनिश्चितता गर्नु नै यो अभियानको उद्देश्य हो", निर्देशक खड्काले भन्नुभयो, "शिशु र मातृ मुत्युदर घटाउन यसले ठूलो मद्दत पुर्‍याउँछ।" सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका जनस्वास्थ्य प्रशासक सुरज गुरौले कोही पनि गर्भवती स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थाको सम्पर्कबाट नछुटुन् भन्ने उद्देश्यले अभियान सुरु गर्न लागिएको बताउनुभयो । "गर्भवतीको पहिचान र निगरानी गर्न सफ्टवेयर प्रणाली अपनाउँदै छौँ", उहाँले भन्नुभयो, "स्वास्थ्यकर्मीले घरघरै गएर गर्भवतीको विवरण ल्याउने र गर्भ जाँचका लागि स्वास्थ्य संस्था गए/नगएको अनुगमन गर्नुहुन्छ।"

स्वास्थ्य 'प्रोटोकल' अनुसार गर्भवतीले आठ पटक गर्भ जाँच गराउनुपर्ने जनस्वास्थ्य प्रशासक गुरौले उल्लेख गर्नुभयो । सुत्केरी भइसकेपछि पनि तीन पटकसम्म स्वास्थ्य जाँच गराउनुपर्ने उहाँको भनाइ छ। 'पूर्ण संस्थागत सुत्केरी' प्रदेश घोषणामात्र गरेर नहुने भन्दै उहाँले त्यसको निरन्तर सुनिश्चितता महत्वपूर्ण हुने बताउनुभयो । "पूर्ण संस्थागत प्रसूतिका लागि स्वास्थ्य संस्थामा स्रोतसाधनदेखि जनशक्तिको पनि सोहीअनुसार प्रबन्ध हुनुपर्छ, स्वास्थ्यकर्मीको दक्षता बढाउनुपर्छ", जनस्वास्थ्य प्रशासक गुरौले भन्नुभयो, "स्वास्थ्य पूर्वाधारको तयारीदेखि जनचेतना अभिवृद्धिको कार्यक्रमलाई सँगसँगै समुदायमा लैजानुपर्छ।"

# बाँझापाटनको प्राइम बैंकमा वित्तीय साक्षरता

**पोखरापत्र संवाददाता**
पोखरा, १८ भदौं

पोखरा महानगरपालिका वडा नं १३ स्थित प्राइम कमर्सियल बैंक लिमिटेड बाँझापाटन शाखाको आयोजनामा वित्तीय साक्षरता एवम् जनचेतना कार्यक्रम सोमावार सम्पन्न भयो।

आम्दानी, खर्च, कर्जा, कर योजना, वचत र लगानी लगायत विषयमा कार्यक्रममा सहभागीहरुलाई जानकारी दिएको थियो । वडा नं १३ का वडा सदस्य सुचिता तामाङ्ले कार्यक्रमको उद्घाटन गर्दै देशको आर्थिक समृद्धिको लागि वित्तीय साक्षरता छिटो भन्दा छिटो अभिवृद्धि गर्न आवश्यक रहेको वताइन्। हामीले कमाएको पैसा घरमा नथन्काई बैकमा जम्मा गर्ने अभ्यास गर्नु पर्ने सदस्य तामाङले धारणा राखिन् । वडा नं १३ ले आगमी ३० गते आयोजना गर्ने खुल्ला तीज प्रतियोगिताको लागि भदौ २



९ गते निःशुल्क दर्ता गर्ने व्यवस्था मिलाएको सदस्य तामाङले जानकारी दिइन् । प्राइम कमर्सियल बैंक लिमिटेड पोखराका शाखा प्रवन्धक तथा प्रशिक्षक अम्बिका शर्माले कमाएको पैसालाई कसरी सुरक्षीत गर्ने विषयमा चर्चा गरिन्। हँसीलो मुहारमा पैसाले बाबा आमा वाहेक सवै खरिद गर्न पाइने हुनाले बैकमा बचत गर्ने आभ्यास सुरु गर्न प्रवान्धक शर्माले अनुरोध गरीन्। छोटो समयमा शर्माले विस १९९४ सालमा स्थापना भएको नेपालकै पहिलो बैक नेपाल बैक लिमिटेड हो भन्दै वर्तमान सम्म बैकको अवस्था वारे जनाकारी दिइन। प्राइम कमर्सियल बैंक लिमिटेड बाँझापाटनका शाखा प्रवन्धक शोभा भुर्तेलले स्वागत गर्दै विश्व आर्थिक क्षेत्रमा वित्तीय साक्षरताको महत्व बढ्दै गएको भनिन् । हरेक व्यक्तिसँग भएको सिमित स्रोत र साधनको कुशल प्रयोगवारे प्रष्ट पार्दै आयमूलक क्षेत्रमा लगानी बढाउनु पर्ने प्रवन्धक भुर्तेलले जोड दिइन। हजुरहरुलाई आयमूलक क्षेत्रमा कसरी लगानी गर्ने र त्यसवाट आर्थिक उन्नति गर्ने कला प्रदान गर्नु नै वित्तीय साक्षरताको लक्ष्य रहेको भुर्तेलले वताइन् । आधुनिक प्रविधिको विकाससँगै सुरक्षित कारोवारमा पनि हामी सवै चनाखो हुनुपर्नेमा भुर्तेलको जोड थियो । सत्यसेवा आमा समुह वाँझापाटनका अध्यक्ष जमुनादेवी श्रेष्ठले हरेक घरका दिदी वहिनीहरुले घरमा भित्रिएको पैसालाई कसरी बचत तथा खर्च गर्ने विषयमा ध्यान दिन जरुरी रहेको भनिन्

कार्यक्रममा बाँझापाटन तमु समजका अध्यक्ष नासु कृष्ण वहादुर गुरुङ , कमलपोखरी मार्ग टोल विकास संस्थाका अध्यक्ष सु. इन्द्रवहादुर गुरुङ, गौडकोमुख टोल विकास संस्थाका अध्यक्ष ई. मानकाजी गुरुङ, पोखरापत्र दैनिकका कार्यकारी सम्पादक शोभाकान्त सिग्देल लगायत वोलेको कार्यक्रममा प्राइम कमर्सियल बैंक लिमिटेड न्यरोड शाखाकी कर्मचारी सम्झना रानभाटले साहित्यमय लयमा संचालन गरेकी थिइन्।

# सामुदायिक ...

क्याम्पससँग प्रदेश सरकार कार्यक्रम अगाडि बढाइएको भन्दै उहाँले यो कार्यक्रममार्फत अनुदानको व्यवस्था गरिने बताउनुभयो । उहाँले भन्नुभयो, "सीमित स्रोत र साधनलाई असीमित चाहनासँग लय मिलाउँदै केही सहयोग गरिनेछ।" प्रदेशभित्रका ९० वटा सामुदायिक क्याम्पसका आवश्यकता सम्बोधनका लागि सरकारले रु पाँच करोड विनियोजन गरिएको उहाँको भनाइ थियो । उहाँले भन्नुभयो, "राज्यले धेरै क्षेत्रमा लगानी गरेको छ। हरेक क्षेत्रको दायित्व सरकारले बेहोर्नुपर्छ भन्ने मानसिकता विकास भइरहेको छ । विशेषगरी शैक्षिक र स्वास्थ्यको दायित्व सरकारले लिनैपर्छ ।" कार्यक्रममा गण्डकी प्रदेशका आर्थिक मामिलामन्त्री जीतप्रकाश आलेले शिक्षाको गुणात्मक विकासका लागि स्थानीय तह अग्रसर हुनुपर्नेमा जोड दिनुभयो। सामुदायिक क्याम्पसको मर्मका बारेमा आफू जानकार रहेको भन्दै उहाँले कार्यविधि बनाएर सामुदायिक क्याम्पसलाई अनुदान दिने नीति सरकारले लिएको बताउनुभयो। "सामुदायिक क्याम्पसमा विभिन्न समस्या छ, त्यो समस्याबारे म आफैँ जानकार छु, सामुदायिक क्याम्पसको विकासका लागि सरकार गम्भीर छ", मन्त्री आलेले भन्नुभयो । माध्यमिक तहको शिक्षा सुदृढीकरणका लागि प्रदेश सरकार स्थानीय तहसँग सहकार्य गर्न तयार रहेको उहाँको भनाइ थियो । मन्त्री आलेले भन्नुभयो, "जहाँ विद्यार्थी छन् त्यहाँ पूर्वाधार छैन, जहाँ पूर्वाधार छ त्यहाँ विद्यार्थी छैनन् । यस्तो अवस्थाको अन्त्यका लागि सरकारले प्रयास गरेको छ।" शिक्षा क्षेत्रमा आमूल परिवर्तन आवश्यक रहेको बताउँदै उहाँले जीवन उपयोगी शिक्षा र मुलुकलाई चाहिने जनशक्ति उत्पादन गर्ने शिक्षा आवश्यक रहेकामा जोड दिनुभयो। गण्डकी प्रदेशससभा सदस्य एवं नेकपा (माओवादी) केन्द्र संसदीय दलका नेता हरिबहादुर चुमानले सामुदायिक क्याम्पसमा भुइँ तहका जनताका छोराछोरी अध्ययन गर्ने भएकाले यसको विकासमा सरकारले विशेष ध्यान दिनुपर्ने बताउनुभयो। चुमानले शिक्षा र स्वास्थ्यमा समाजवाद देखाउनुपर्ने अहिलेको आवश्यकता रहेको औँल्याउनुभयो । गण्डकी प्रदेशसभा सदस्य अशोककुमार श्रेष्ठले सामुदायिक क्याम्पसको विकासका लागि प्रदेशले अनुदान दिने नीति ल्याएको उल्लेख गर्नुभयो।

# 'सुशासन र सामाजिक रुपान्तरण' विषयमा कार्यशाला

**पोखरापत्र संवाददाता**
पोखरा, १८ भदौं

पोखरामा आयोजित अन्तर र्‍ाष्ट्रिय कार्यशालामा विभिन्न देशका समाजशास्त्रीका ५६ कार्यपत्र प्रस्तुत भएका छन्।

नेपाल समाजशास्त्र सङ्घले आयोजना गरेको 'नेपालमा सुशासन र सामाजिक रुपान्तरण' विषयक तीनदिने कार्यशालामा ५६ कार्यपत्र प्रस्तुत हुँदै सम्पन्न भएको छ । कार्यशालामा नेपाल, भारत, चीन, बेलायत, जापान, नर्वे र अमेरिकालगायत मुलुकका वरिष्ठ समाजशास्त्रीले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यशालामा एक सय ५० जनाभन्दा बढी समाजशास्त्रीको उपस्थिति थियो । पृथ्वीनारायण क्याम्पसको समाजशास्त्र तथा ग्रामीण विकास विभागसँगको सहकार्य र गण्डकी विश्वविद्यालयको सक्रियतामा भएको कार्यशाला नेपाली समाजको अध्ययन अनुसन्धान र विश्लेषणका साथै समाजशास्त्रको अभिवृद्धि गर्ने उद्देश्यका साथ आयोजना गरिएको थियो । कार्यशालामा नेपालको विसं २०४६ देखिको राजनीतिक परिवर्तन, आन्दोलन, जनयुद्ध तथा जनआन्दोलन र अन्य सामाजिक आन्दोलनको विकास प्रक्रियाबारे छलफल गरिएको आयोजकले जनाएको छ। कार्यशालाका सभापति नेपाल समाजशास्त्र सङ्घका अध्यक्ष एवं गण्डकी विश्वविद्यालयका कुलपति प्रा डा गणेशमान गुरुङले समाजशास्त्रीले आफ्नो सीप सोच र ज्ञानलाई समाज विकास र समाजशास्त्रको उन्नतिमा लगाउनुपर्ने बताउनुभयो। भदौ १५, १६ र १७ गते क्षेत्रीय कृषि अनुसन्धान केन्द्र लुम्लेमा आयोजित कार्यशालाको गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरुङले उद्घाटन गर्नुभएको थियो।

## सूचनाको हकको सम्बन्धमा सार्वजनिक निकायको दायित्व

◆ नागरिकको सूचनाको हकको सम्मान र संरक्षण,
◆ सूचना वर्गीकरण र अद्यावधिक गरी समय समयमा सार्वजनिकीकरण,
◆ सूचनामा नागरिकको सरल र सहज पहुँचको व्यवस्था,
◆ खुला र पारदर्शी रूपमा काम कारवाहीको सम्पादन सार्वजनिक निकायले उल्लिखित दायित्व निर्वाह गरी नागरिकको सूचना पाउने हकअधिकार सुनिश्चित गरौं।


नेपाल सरकार
विज्ञापन बोर्ड

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु।
- जर्ज बार्वर

## सम्पादकीय

# सुशासनका लागि हेलो सरकार

सरकारले सिंहदरबारमा विगत १२ वर्षदेखि सञ्चालनमा रहेको 'हेलो सरकार' सेवालाई २४ घण्टा सञ्चालन गर्ने गरी कार्यान्वयनमा ल्याएको छ। आइतबार प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले तीन सिफ्टमा विस्तारित गर्ने गरी सेवाको शुभारम्भ गरेका छन। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा रहेको हेलो सरकार कक्षको निरीक्षण र अनुगमनसहित जनताका समस्या सम्बोधन गरी तीन सिफ्टको सेवा विस्तार गरेको छ। यसअघि नेपाल टेलिकमबाट मात्र सेवा प्रवाह हुने गरेकोमा विस्तारित गरिएको कार्यक्रममा एनसेल मोबाइलबाट समेत गुनासो राख्न सकिनेछ।

गुनासोहरू फोन, इमेल, फेसबुक, ट्वीटर, पोर्टल, भाइवर, ह्वाट्सएप लगायतका डिजिटल माध्यमबाट टिपाउन सकिनेछ। सरकारी कार्यालयमा जाँदा जनताले अनावश्यक हैरानी व्यहोर्नुपर्ने, एक दिनमा हुने काम सधैं भोलि भोलि भनेर दुखदिने काम भएका छन।सरकारले सुशासन ऐन ल्याएपछि काममा सुधार हुने अपेक्षा थियो। राजनीतिक व्यवस्था परिवर्तन भएपनि कर्मचारीको काम गर्नेछ शैलीमा परिवर्तन नआएपछि हेलो सरकार ल्याइएको थियो। डाक्टर बाबुराम भट्टराई प्रधानमन्त्री भएको बेला प्रचारमा आएको हेलो सरकार सुस्ताउन थालेको थियो। सिंहदरबारको अधिकार गाउँ गाउँमा पुऱ्याउने प्रचार पनि भयो।तर व्यवहारमा फरक आउन सकेन।सुशासन र भ्रष्टाचार विरुद्ध काम गर्ने गैरसरकारी संस्थाले पनि टोल फ्रि टेलिफोन बाट गुनासो सुन्ने र समाधानको लागि प्रयास गरेका हुन।

राजनीतिक नेतृत्व र कर्मचारी तन्त्रमा जनताको समस्या सुन्ने र तत्काल समाधान गर्ने तत्परता नभएसम्म जनताले महसुस गर्नेगरी सुधारको अनुभूति गर्न सक्दैनन्।प्रधानमन्त्रीले जनताका गुनासा सुनेर समाधान गर्ने संयन्त्र बनाएमा केही सुधार आउँछ। अहिले प्रधानमन्त्रीले लिएको तत्परता स्वागतयोग्य छायसको प्रभावकारी कार्यान्वयन हुन सके जनताले विश्वास गर्छन। हेलो सरकारको डेस्कले प्राप्त गुनासोहरू तत्काल सम्बोधन गरी सोको जानकारी सम्बन्धित निवेदकलाई दिने व्यवस्था मिलाइएको छ। हेलो सरकार २४ सै घण्टा सञ्चालनका लागि तीन सिफ्टको कार्यतालिका निर्माण गरी सोहीअनुरूप कर्मचारी व्यवस्थापनसमेत गरिएको छ। त्यसका लागि नेपाल सरकारका ३ जना उपसचिवसहित २५ जना कर्मचारीहरू खटाइएको छ।

हेलो सरकारमा आएका गुनासोहरू गुनासोको प्रकृति हेरी सम्बन्धित निकायमा पठाई समस्या समाधानमा सहजीकरण समेत गर्ने व्यवस्था मिलाइएको छ। साथै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित गुनासोहरू सिधै सम्बोधन गर्ने व्यवस्था गरिएको छ। उक्त सेवाको शुभारम्भ गर्दै प्रधानमन्त्री प्रचण्डले जनताका समस्यालाई गम्भीरतापूर्वक लिई समाधान गर्न निर्देशन दिएका छन्। गुनासोहरू सम्बोधनका निम्ति र्‍यापिड रेस्पोन्स टिमसमेत गठन गरी कार्यान्वयनमा ल्याइएको नेपाल सरकारका मुख्यसचिव डा.वैकुण्ठ अर्यालले जानकारी गराएका छन। उक्त टिमले सम्बन्धित निकायमा पठाइएका गुनासोहरू कार्यान्वयन भए, नभएको अनुगमन गर्नुका साथै गुनासो सम्बोधनका लागि पहल गर्नेछ।कर्मचारी तन्त्रले यो काम प्रधानमन्त्रीको लागि हो भन्ने नठानी सरकारले जनताका लागि गर्नैपर्ने काम हो ठानेर काम गरेमा सुशासनका क्षेत्रमा अवश्य सुधार आउनेछ।

# संस्कृत भाषा संरक्षणका लागि 'आधारभूत संस्कृत भाषा' कक्षा

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १८ भदौं

स्याङ्जाको वालिङमा संस्कृत भाषाको संरक्षणका लागि आधारभूत संस्कृत भाषा कक्षा सञ्चालन गरिएको छ। संस्कृत भाषा पुस्तान्तरण गर्दै संस्कृत वाङ्मयको संरक्षण, सम्बर्द्धन र जगेर्ना गर्ने मुख्य उद्देश्यसहित भाषा कक्षा थालिएको विश्व हिन्दू महासङ्घ नेपालका केन्द्रीय सदस्य एवं मुख्य प्रशिक्षक नेत्रप्रसाद पराजुलीले बताउनुभयो।

विश्व हिन्दू महासङ्घ स्याङ्जा, विश्व हिन्दू युवासङ्घ स्याङ्जाको आयोजना र केदारनाथ मन्दिरको समन्वयमा वालिङ ८ स्थित केदारनाथ मन्दिरमा दैनिक एक घण्टा भाषा कक्षा सञ्चालन भएको हो। संस्कृत भाषाप्रति युवा पुस्ताको रुचि नदेखिँदा भविष्यमा भाषा नै लोप हुनसक्ने र विभिन्न धार्मिक कार्यसमेत प्रभावित हुनसक्ने भएकाले भाषा हस्तान्तरणलाई अभियानकैरुपमा अगाडि बढाइएको उहाँले बताउनुभयो। "संस्कृत भाषा कक्षामा वैद्धिक धर्म, संस्कार, संस्कृति, कर्मकाण्ड, ज्योतिष विद्या, पाठ पारायण तथा सामान्य व्याकरणसम्बन्धी अध्ययन अध्यापन गराउँछौं", उहाँले भन्नुभयो, "तीन/तीन महिना अवधिको भाषा कक्षा सञ्चालन गर्ने र अर्को तीन महिनापछि अर्को नयाँ समूह बनाइ नियमित गर्दै जाने तयारी हाम्रो छ।"

संस्कृत भाषा सिक्न ईच्छुक जोकोहीलाई पनि कक्षामा सहभागी गराउने संस्कृत भाषा कक्षा कार्यक्रम संयोजक खगेन्द्रप्रसाद अर्यालले बताउनुभयो। "विभिन्न समुदायका जातजाति, भाषाभाषीका इच्छुक महिला, पुरुष संस्कृत भाषाप्रति आकर्षित हुनुभएको छ", संयोजक अर्यालले भन्नुभयो, "भाषा सिक्न इच्छुक हुने जसले पनि पाउने भएकाले सहभागीको सङ्ख्या बढ्ने अनुमान गरेका छौं।"

बिहान र साँझ दुई समूह बनाइ एक-एक घण्टा भाषा कक्षा सञ्चालन गर्ने तयारी भएको छ। बिहानमा ३० जना र साँझमा ३० जनामात्रै कक्षामा राखेर अध्यापन गराइन्छ। ६० जनाभन्दा माथिका इच्छुक तीन महिनापछि अर्को कक्षा सुचारु गर्दा समावेश हुनेछन्। शुभकार्यका लागि समेत पण्डितको अभाव हुन नदिन र आम्दानीका दृष्टिले पनि सहज हुने भएकाले संस्कृत भाषा कक्षा प्रभावकारी हुने उहाँको भनाइ छ। मानिसमा आध्यात्मिक चेतना जागृत गराउन पनि भाषा कक्षाले महत्वपूर्ण टेवा पुग्ने दाबी संयोजक अर्यालको छ। संस्कृत भाषा कक्षालाई नियमितरुपमा सञ्चालन गर्दै अगाडि बढ्ने संयोजक अर्याल बताउनुहुन्छ।

# कागबेनीका बाढीपीडितलाई राहत वितरण

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १८ भदौं

मुस्ताङको कागबेनीमा केही समय अघि आएको बाढीपीडितका लागि राहत वितरण गरिएको छ।

अखण्डज्योतिबाबा स्वामी श्रीजी च्यारिटेबल ट्रष्ट नेपाल तीर्थस्थल विकास राष्ट्रिय समितिको संयोजन तथा जिल्ला प्रशासन कार्यालय मुस्ताङ र बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको समन्वयमा गत साउन २८ गते कालीगण्डकीमा अप्रत्याशित आएको बाढीका पीडित परिवारलाई आइतबार कागबेनीमा राहत वितरण गरिएको हो। बाढीबाट प्रभावित भएका ती परिवारलाई अनन्त विभूषित मुक्तिनाथ पीठाधीश्वर स्वामी कमलनयनाचार्य (मुक्तिनाथ बाबा) ले राहत वितरण गर्नुभएको थियो। उहाँले गत हप्तामात्र पोखरामा पत्रकार सम्मेलन गरी कागबेनीमा अप्रत्याशितरुपमा आएको बाढीबाट ठूलो क्षति पुगेको र कैयौं पीडित भएकाले उनीहरूलाई आवश्यक सहयोग गर्न नेपाल सरकार र उसका निकाय एवं स्थानीय सरकार तथा व्यक्तिलाई आग्रह गर्नुभएको थियो। पीडित परिवारलाई खाद्यान्न र लत्ताकपडासहित तत्काल आवश्यक पर्ने भाँडाकुँडा र अन्य सामग्रीसँगै प्रतिपरिवार रु १० हजार उपलब्ध गराइएको विश्वशान्ति गण्डकी महासभाका प्रवक्ता आचार्य सुदर्शन बडालले जानकारी दिनुभयो। सो बाढीले यहाँका कम्तीमा पनि २९ घरपरिवारलाई पूर्णरुपमा क्षति पुऱ्याएकाले तत्कालका लागि केही मात्रामा भए पनि सहयोग पुगोस् भनेर उनीहरूलाई यी अत्यावश्यकीय सामग्री प्रदान गरिएको उहाँले बडालले जानकारी दिनुभयो। त्यस अवसरमा मुक्तिनाथ पीठाधीश्वर स्वामी कमलनयनाचार्यले सङ्कटमा परेका बेला मानवकल्याणस्वरुप एकले अर्कालाई सहयोग गर्नु सबैको कर्तव्य हो भन्दै यतिखेर कागबेनीमा अप्ठेरोमा परेका सबैलाई आफ्नै दाजुभाइ दिदीबहिनी सम्झिएर सहयोग गर्न यहाँका स्थानीयका साथै नेपाल सरकार र सरकारका विभिन्न निकायलाई आग्रह गर्नुभयो। राहत वितरण समारोहमा मुस्ताङका प्रमुख जिल्ला अधिकारी अनुप केसी, बाढीग्रस्त क्षेत्र बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष रिङजिन नामगोल गुरुङका साथै सो गाउँपालिकाका उपाध्यक्ष, वडा नं ४ का अध्यक्षसहितका जनप्रतिनिधि उपस्थित हुनुहुन्थ्यो। सो बाढीबाट मुक्तिनाथ, दामोदरकुण्ड एवं कागबेनीधाम जाने तीर्थालुको आवास तथा भोजनका लागि कागबेनीमा मुक्तिनाथ बाबाको सङ्कल्पमा निर्माण भएको अतिथि आश्रम गृहमा पनि क्षति पुगेको छ। उक्त विकट धार्मिक क्षेत्रमा जाने तीर्थालुको सेवामा रहेको सो आश्रम पनि बाढीले बगाएपछि साधुसन्त एवं टाढाबाट मुक्तिक्षेत्रमा पुग्ने तीर्थयात्रीका लागि अब यहाँका होटलबाहेक अर्को विकल्प नरहेको बताइएको छ। उक्त आश्रमबाट तीर्थालुलाई निःशुल्क सेवा प्रदान हुँदै आएको थियो। सो बाढीबाट रु एक अर्बभन्दा बढीको क्षति पुगेको प्रारम्भिक अनुमान गरिएको छ।

नगद सामान र संरचनामा मात्र रु ८१ करोड ८३ लाख बराबरको क्षति भएको छ। सडक, मोटरेबल पुल, झोलुङ्गे पुल, गुम्बा, मन्दिर धर्मशाला, सामुदायिक भवन, प्रहरीचौकीको भवन, तटबन्धनलगायत १४ वटा गरी भौतिक पूर्वाधारतर्फ रु २१ करोड दुई लाख बराबरको क्षति पुगेको विवरण सङ्कलन गरिएको थियो। व्यक्तिका ५० वटा घरमा रु ५२ करोडभन्दा बढीको क्षति भएको पालिकाले जनाएको छ। उक्त बाढीबाट २९ वटा घरमा पूर्ण क्षति पुगेको छ। नौ वटा गोठमा पूर्ण र १५ वटामा आंशिक क्षति भएको तथा बाढीले बगाउँदा २४ वटा पशु चौपाया पनि मरेका छन्।

# हावाहुरीले मकै बाली नष्ट

**पोखरापत्र संवाददाता**
बागलुङ, १८ भदौं

हावाहुरी र वर्षाले बागलुङका विभिन्न स्थानमा मकै बालीमा क्षति पुऱ्याएको छ।

घोँगा लाग्ने बेलामा आएको हावाहुरीले जिल्लाको तमानखोलाका किसानले सयौं रोपनी क्षेत्रफलमा लगाएको मकै बाली नष्ट गरिएको हो। वडा नम्बर १ र २ को सेन्नामा, पहिरा, बोङ्गानी, सोम्मरलगायतका गाउँको करिब सात सय रोपनी क्षेत्रफलमा लगाएको मकै पूर्ण रुपमा नष्ट भएको तमानखोला गाउँपालिकाका कृषि शाखा प्रमुख सन्देश पराजुलीले जानकारी दिनुभयो। शनिबार राती र आइतबार बिहान आएको हुरीले मकै बालीमा क्षति पुगेको उहाँको भनाइ छ। सात सय रोपनीमा लगाएको मकै कामै नलाग्ने गरी ढलेपछि किसानले रु ५० लाखभन्दा बढीको क्षति बेहोर्नुपरेको उहाँले बताउनुभयो। किसानले हावाहुरीले मकै नष्ट गरेको जानकारी गराएपछि गाउँपालिका अध्यक्ष जोकलाल बुढा मगर, उपाध्यक्ष हिराकुमारी छन्त्याल र प्राविधिकको टोली बारीमै पुगेर क्षतिको विवरण लिएको उहाँको भनाइ छ। मकै ब्लकमा समेत हुरीले ठूलो क्षति पुऱ्याएको उहाँले बताउनुभयो। दाना लाग्ने बेलामा मकै ढलेको हुँदा अब फल नदिने शाखा प्रमुख पराजुली बताउनुहुन्छ। "किसानको बारीमा पुग्दा कुनै पनि मकैका बोट ठाडो देखिँदैनन्, सबै ढलेर कामै नलाग्ने भएका छन्, अब ती ढलेका मकैका बोटबाट किसानले एउटा गैँडा पनि उत्पादन गर्न सक्ने अवस्था छैन, गैँडा हालिसकेको भए, केही उत्पादन हुने सम्भावना हुन्थ्यो, अहिले ठ्याक्क घोँगामा गैँडा हाल्ने समय भएको थियो", शाखा प्रमुख पराजुलीले भन्नुभयो, "अहिले प्रारम्भिक विवरण लिएका छौं, प्रारम्भिक विवरणमा करिब रु ५० लाख नोक्सानी भएको अनुमान छ, केही दिनमै पूरै विवरण आउने छ, त्यसमा अलि बढ्ने सम्भावना देखिन्छ, किसानले धेरै ठाउँमा मकै ढलेको जानकारी गराउनुभएको छ।" उहाँले अहिलेसम्म यहाँका किसानले कृषि बीमा नगरेको बताउनुभयो। बीमा गरेको भए केही सहुलियत मिल्ने पराजुलीको भनाइ छ। यस वर्षदेखि किसानलाई कृषि बीमाको दायरामा ल्याउने तयारी गरिरहेको उहाँ बताउनुहुन्छ। यहाँका अधिकांश किसानले रैथाने जातका मकै लगाएको पराजुलीले बताउनुभयो। तमानखोला गाउँपालिकाका अध्यक्ष जोकलाल बुढा मगरले यस क्षेत्रमा हावाहुरीले अहिलेसम्मकै ठूलो क्षति पुऱ्याएको बताउनुभयो। किसानले जानकारी गराएपछि बारीमै पुगेर क्षतिका बारेमा बुझेको भन्दै पीडित बनेका किसानलाई पालिकाबाट राहतको व्यवस्था गर्ने अध्यक्ष बुढा मगरको भनाइ छ।

सबै वडामा प्राविधिक खटाएर सबै क्षतिको विवरण ल्याएर सोहीअनुसार राहतका बारेमा प्रदेश र केन्द्र सरकारसँग पनि माग गर्ने बताउनुभयो। "हावाहुरीले किसानले लगाएको मकै बालीमा ठूलो क्षति पुगेको छ, फल्ने बेलाको मकै ढलेर सोत्तर बनेपछि किसानका आँखा आँसुले भरिएका छन्, उहाँहरूको त्यो पीडामा मलम लगाउने प्रयास हामी गर्ने छौं", अध्यक्ष बुढा मगरले भन्नुभयो, "अहिले सामान्य विवरण आएको छ, सबै विवरण आएपछि कुन किसनाको कति क्षति भएको छ, त्यस आधारमा पालिकाबाट हुने राहतको व्यवस्था गर्छौं र अन्य नियकाबाट हुने सहयोगका बारेमा पनि हामी पहल गर्छौं।"

वर्षा र हावाहुरीले मकैका सबै बोट भाँचिएपछि भोकमरी हुने भन्दै किसान चिन्तित बनेका छन्। जिल्लाको मुख्य खाद्य बालीको रुपमा रहेको मकैमा क्षति पुगेपछि मकैको उत्पादन घट्ने अनुमान गरिएको छ।

हरेक वर्ष मकै बालीमा विभिन्न कारणले क्षति हुँदै आएकाले मकैको छ। तमानखोलाको मकै जोन क्षेत्र भए पनि अघिल्लो वर्ष मकैको बीउ फरक पर्दा उत्पादनमा निकै गिरावट आएको थियो। यसपालिको हुरीले वर्षभरिको छाक खोसी दिएको स्थानीय किसान खिमबहादुर छन्त्यालले बताउनुभयो। उहाँले भन्नुभयो, "पोहोरपरार साल बारीमा राम्रो मकै उत्पादन हुन्थ्यो र पनि वर्षभरि खान पुग्दैनथ्यो, अहिले त एक पाथी पनि फल्न नपाउँदै हुरीले मकै बारी भरी लडाइँ दियो, एउटा पनि बारीको मकै ठाडो छैन, सबै ढलेका छन्, कति दुःख गरेर खेती गरेको, एकै छिनको हावाहुरीले यस्तो बनाइदियो, अब के खाएर वर्ष गुर्जाने हो ?"

# वालिङमा मोतियाविन्दुको शल्यक्रिया सेवा

**पोखरापत्र संवाददाता**
वालिङ, १८ भदौं

स्याङ्जाको वालिङ स्थित गह्रौं प्राथमिक अस्पतालमा मोतियाविन्दुको शल्यक्रिया सेवा सुरुआत हुने भएको छ।

यसका लागि हिमालय आँखा अस्पताल पोखरा र जिल्ला आँखा उपचार केन्द्रका बीचमा मासिक शल्यक्रिया सेवा सञ्चालन सम्बन्धी सम्झौता भएको छ। सो केन्द्र गह्रौं प्राथमिक अस्पतालमा सञ्चालनमा रहेको छ। आँखा उपचार सेवालाई विस्तार गरी सक्दो धेरै मानिसको पहुँचमा पुऱ्याउने उद्देश्यले ती संस्थाबीचमा सहकार्य भएको हो।

सम्झौतापत्रमा हिमालय आँखा अस्पताल पोखराका प्राडा इलिया श्रेष्ठ र गह्रौं प्राथमिक अस्पताल वालिङका व्यवस्थापन समितिका अध्यक्ष दिलीपप्रताप खाँणबीच आइतबार पोखरामा हस्ताक्षर गर्नुभएको हो।

सम्झौता भएको मितिले सुरुमा एक वर्ष र त्यसपछिका वर्षहरूमा सम्झौता अवधि नवीकरण गर्दै लैजाने सहमति दुई पक्षबीच भएको छ। गण्डकी प्रदेशका नागरिकमा आँखाको उपचारसम्बन्धी सहज पहुँच पुऱ्याउन सकियोस् भन्ने मुख्य उद्देश्यसहित वालिङबाट पनि मासिकरुपमा शल्यक्रिया सेवा दिने तयारी गरिएको हिमालय आँखा अस्पताल पोखराका प्राडा श्रेष्ठले बताउनुभयो। "हिमालय आँखा अस्पताल पोखराबाट आँखाका विशेषज्ञ डाक्टरको टोली उपकरणसहित वालिङ गएर शल्यक्रिया सेवा दिनुहुन्छ", उहाँले भन्नुभयो, "प्रत्येक महिनाको १२ गते शल्यक्रिया गर्छौं।" विशेष गरी मोतियाविन्दुका बिरामीको आँखाको शल्यक्रिया गर्ने र आँखासम्बन्धी अन्य बिरामीलाई आवश्यक उपचार तथा परामर्श दिइने उहाँले बताउनुभयो। एक दिनमा २०-३० जनासम्म बिरामीको आँखाको शल्यक्रिया गरिने छ। आँखाको शल्यक्रिया गर्नका लागि पोखरा तथा अन्य टाढाका अस्पतालमा जानुपर्ने बाध्यता हटेर गएको व्यवस्थापन समितिका अध्यक्ष खाँणले बताउनुभयो। उहाँले आँखाका विशेषज्ञ तथा डाक्टरको टोलीले वालिङमै आएर शल्यक्रिया सेवा दिने भएपछि टाढा जानुपर्ने झन्झटबाट मुक्त भएको उहाँको भनाइ थियो। "शल्यक्रियाका लागि अस्पतालमा शल्यक्रिया कक्ष निर्माण गरी तयारी अवस्थामा छौं" अध्यक्ष खाँणले भन्नुभयो, "मासिकरुपमा मोतियाविन्दुको शल्यक्रिया सेवा आफ्नै ठाउँमा विस्तार भएपछि यस क्षेत्रका नागरिकमा अन्धोपना न्यूनीकरणमा सहयोग पुग्ने छ।" दुई पक्षबीच भएको समझदारी पत्रमा मासिक मोतियाविन्दु शल्यक्रिया सेवा विस्तार गरी अन्धोपन न्यूनीकरण गर्ने, आँखा उपचारसम्बन्धी सेवा अभिवृद्धि गर्न सहकार्य गर्ने, गह्रौं प्राथमिक अस्पतालमा शल्यक्रिया कक्ष स्थापना गरी मासिक मोतियाविन्दुको शल्यक्रिया सेवा प्रदान गर्ने, सेवालाई दिगो र प्रभावकारी बनाउन दुवै पक्षले आवश्यक पहल गर्ने उल्लेख छ।

अस्पतालमा आँखाका बिरामीको चाप बढ्दै गएको छ। यहाँ दैनिक ६०-७० जना आँखाका बिरामी दैनिक परीक्षण गर्न आउने गरेका गह्रौं प्राथमिक अस्पतालमा रहेको जिल्ला आँखा उपचार केन्द्रका प्रमुख तेज गुरुङले बताउनुभयो। परीक्षणमा आउने बिरामीमा आँखाको शल्यक्रिया गर्नुपर्ने देखिएमा वालिङमा शल्यक्रिया सेवा नभएकाले जिल्ला बाहिर जानुपर्ने बाध्यता रहेको थियो। "यहाँ आँखाको परीक्षण गर्न आएका बिरामीमा मोतियाविन्दुको लक्षण देखिएमा हामीले नाम सङ्कलन गरी १२ गते शल्यक्रियाका लागि बोलाउँछौं", उहाँले भन्नुभयो, "मासिक २५-३० जनाको हाराहारीमा यहाँ मोतियाविन्दुका बिरामीलाई शल्यक्रियाका लागि अन्यत्र पठाउँदै आएका थियौं।"

शल्यक्रिया सेवा अस्पतालमा सुरु हुने भएपछि यहाँका नागरिक अन्यत्र जान नपर्ने भएपछि सहज हुने भएको हो। हाल अस्पतालमा स्याङ्जासहित दक्षिण पर्वतको केही भेगका नागरिकले सेवा लिन पाउँछन्।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : कार्यमा सफलता |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : झमेला बढ्ने | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

## माइग्रेसन सर्टिफिकेट हराएको सूचना

**म भक्ति गुरुङको नयाँ गाउँदेखि महेन्द्रपुल जाने क्रममा माइग्रेसन सर्टिफिकेट हराएको हुँदा भेट्टाउने महानुभावले नजिकको प्रहरी कार्यालय अथवा तलको नम्बरमा सम्पर्क गरिदिनुहोला।**

Name: Bhakti Gurung
Registration No: 584015002
Symbol No : 401658
**सम्पर्क नं.** : 9868319445

# धानमा गवारो, कोदोमा खुम्रे कीराको सङ्क्रमण

**रासस**
म्याग्दी, १८ भदौं

म्याग्दीमा लगाइएको धान र कोदो बालीमा गबारो र खुम्रे कीराको सङ्क्रमण देखिन थालेपछि किसान चिन्तित बनेका छन् । जिल्लाको पश्चिमी र उत्तरी क्षेत्रमा लगाइएको धान बालीमा गबारो रोगको सङ्क्रमण देखिएको छ भने कोदो खुम्रे कीराले नष्ट गरेको किसानले बताएका छन् ।

धानले गाँज हाल्ने समयमा गबारो कीराको समस्या देखापरेकोमालिकागाउँपालिका-४ का किसान रणबहादुर थापाले बताउनुभयो । उहाँका अनुसार गबारो रोगले धानको गुबो मर्न थालेपछि किसानले विषादी छर्न थालेका छन् । "धान रोप्दा र सिँचाइमा धेरै खर्च भइसकेको छ", थापाले भन्नुभयो, "अझ विषादी पनि खर्चिलो छ ।"

मङ्गला गाउँपालिकाको रणबाङको फाँट र बेनी नगरपालिका-२ बगरफाँटमा पनि धानमा गबारो कीराको सङ्क्रमण देखिँदा पूरै खेतमा धानको गुबो मर्दै गएको बगरफाँटका खड्गबहादुर थापाले बताउनुभयो । उहाँका अनुसार धान फस्टाउने समयमा गुबो मर्न थालेपछि किसान चिन्तित बनेका छन् । कृषि विज्ञका अनुसार गबारो धानमा लाग्ने एक प्रमुख शत्रुजीव कीरा हो । धानमा गाँज आउनेदेखि लिएर फूल फुल्ने वा धान पसाउने अवस्थासम्म यसले आक्रमण गरी बर्सेनि ठूलो क्षति पुऱ्याउने गरेको कृषि प्राविधिक जगत बानियाँले बताउनुभयो । उहाँका अनुसार धानमा पहेँलो, सेतो, छिर्के, गोल्ड-फ्रिन्ज्ड, कालो टाउके छिर्के र कलेजी रङको बुट्टा गरी छ किसिमका गबारो कीराले धानमा आक्रमण गर्छन् ।

गबारो कीराको सङ्क्रमण तीव्ररूपमा फैलने भएकाले धान बाली केही दिनमै नष्ट हुने कृषि प्राविधिक बानियाँले बताउनुभयो । "यसको सङ्क्रमणले अहिले धानको बोट मर्दै गएका छन्, समयमै उपचार नभए धानबारी नै नष्ट हुन्छ", उहाँले भन्नुभयो ।

धानखेतमा रासायनिक युरिया मलको अत्यधिक प्रयोग गर्नु, पानीको कमी हुनु तथा अन्य सुक्ष्म तत्वका कारण गबारो कीराको सङ्क्रमण सहजै फैलने बानियाँले जानकारी दिनुभयो । उहाँका अनुसार कोदो बालीमा खुम्रे कीराको समस्या देखिएको छ । खुम्रे कीराका कारण कोदोको डाठ धमाधम सुक्न थालेपछि पश्चिम म्याग्दीका रुम, ओखरबोट र देविस्थानका किसान चिन्तित बनेका छन् । कोदोको जरामा खुम्रे कीरा र डाँठमा गबारो देखिएको छ भने यहाँको धान खेतीमा ढुसीजन्य रोगको सङ्क्रमण पनि देखिएको किसानको भनाइ थियो । हुर्कने बेलाको कोदो मर्न थालेपछि समस्या भएको मालिका गाउँपालिका-२ का किसान जगबहादुर विकले बताउनुभयो । उहाँका अनुसार बालीमा रोग र किराको सङ्क्रमण बढ्न थालेपछि किसानले प्राविधिकको सल्लाहमा विषादीको प्रयोग गर्न थालेका छन् । विषादी छर्केपछि रोग अन्य स्थानमा फैलिन नपाउने भएको प्राविधिकको सल्लाहअनुसार विषादी छर्किएको विकको भनाइ थियो । हालसम्म एक सय ४० सय रोपनी जग्गामा लगाइएको कोदो बाली खुम्रे कीराले नष्ट गरेको उहाँले जानकारी दिनुभयो ।

खेती गर्नुपूर्व बाँझो जोत्ने काम किसानले नगर्दा खुम्रे कीरा फैलन पाएको कृषि प्राविधिक बानियाँले बताउनुभयो । आगामी दिनमा मकै लगाउने मौसममा माटोमा विषादीको प्रयोग गरेर खुम्रे कीरालाई नियन्त्रण गर्ने गरी किसानलाई सेचत गराइएको कृषि ज्ञान केन्द्र म्याग्दीले जनाएको छ ।

केन्द्रका अनुसार म्याग्दीमा तीन हजार आठ सय ९० हेक्टर क्षेत्रफलमा धान र दुई हजार सय ५० हेक्टर क्षेत्रफलमा कोदो खेती हुन्छ । यहाँ गौरी, जेठो बुडो, जर्नेली, पहेले, मार्सी, ताकमारे, भट्टे र छमरुङ, माछापुच्छे, अन्नपूर्ण-३, खुमल-४, खुमल-१०, लुम्ले-२ लगायतका उन्नत जातका धानखेती हुने गरेको बानियाँले जानकारी दिनुभयो । लेकाली क्षेत्रमा सिँचाइ आवश्यक नपर्ने भएकाले घैया जातको धान खेती हुने उहाँको भनाइ थियो । उहाँका अनुसार यहाँ कोदो भने स्थानीय जातको खेती हुने गरेको छ ।

# एघार वर्षपछि बागलुङमा चार पाङ्ग्रे सवारी चालक अनुमतिपत्र आवेदन खुल्यो

**पोखरापत्र संवाददाता**
बागलुङ, १८ भदौं

म्याग्दीलगायत साविक धौलागिरि क्षेत्रका सेवाग्राहीलाई लक्षित गरेर बागलुङमा ११ वर्षपछि पुनः चारपाङ्ग्रे सवारी चालक अनुमतिपत्र (लाइसेन्स) परीक्षा सञ्चालन गर्न आवेदन सङ्कलन हुन थालेको छ ।

अब बागलुङसहित पर्वत, म्याग्दी र मुस्ताङका सेवाग्राहीलाई चारपाङ्ग्रेको लाइसेन्सका लागि पोखरालगायतका स्थानमा पुग्नुपर्ने बाध्यता हट्ने भएको छ । यातायात व्यवस्था कार्यालय बागलुङका प्रमुख पारसिङ थापाले आइतबारदेखि (बि) (सि) (इ) (एफ) र (जि) वर्ग (चार पाङ्ग्रे) सवारी चालक अनुमतिपत्रका लागि आवेदन खुला गरिएको जानकारी दिनुभयो । बागलुङमा हाल (ए) र (के) वर्ग (दुई पाङ्ग्रे) को मात्र परीक्षा सञ्चालन हुने गरेको छ । नयाँ मापदण्ड अनुसारको संरचना नहुँदा विसं २०६९ देखि चारपाङ्ग्रेको प्रयोगात्मक (ट्रायल) परीक्षा बागलुङमा हुन सकेको थिएन ।"ट्रायल परीक्षाका लागि मापदण्ड पुगेको पूर्वाधार र सवारी साधन भाडामा लिन गत असारमा बोलपत्र आह्वान गरेका थियौँ", उहाँले भन्नुभयो, "प्रतिस्पर्धामार्फत छनोट भएको धौलागिरि ड्राइभिङ सेन्टर प्रालि बागलुङसँग भदौ पहिलो साता सम्झौता भएको थियो । यसै हप्ताभित्र ट्रायल सुरु गर्ने तयारीमा छौँ ।"कार्यालयको आफ्नै जग्गा नभएका कारण प्रयोगात्मक 'ट्रायल' परीक्षाका लागि ड्राइभिङ इन्टिच्यूटले बनाएको संरचना भाडामा लिएको हो । दुईपाङ्ग्रेको 'ट्रायल' परीक्षा पनि बागलुङ नगरपालिका-१ रामरेखामा भाडाकै जग्गामा सञ्चालन हुँदै आएको छ ।

कार्यालयको आफ्नै जग्गा र पूर्वाधार नभएपछि निजी क्षेत्रसँग मिलेर लाइसेन्स परीक्षालाई व्यवस्थित गरिएको हो । गण्डकी प्रदेश सरकारको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री रेशमबहादुर जुग्जालीले बागलुङबाट चारपाङ्ग्रे सवारी चालक अनुमतिपत्रको परीक्षा सञ्चालन हुँदा सिङ्गै धौलागिरि क्षेत्र लाभान्वित हुने बताउनुभयो । "बागलुङमा चार पाङ्ग्रेको ट्रायल सञ्चालन गर्न मन्त्रालयले चासो र पहल लिएको छ", उहाँले भन्नुभयो, "बागलुङमा परीक्षा सञ्चालन नहुँदा कास्कीलगायतका कार्यालयमा सेवाग्राहीको चाप पनि घट्छ ।" लाइसेन्स परीक्षाको नयाँ मापदण्ड लागू भएपछि बागलुङमा ठाउँ अभावका कारणले चारपाङ्ग्रेको ट्रायल हुन सकेको थिएन । गण्डकी प्रदेशमा कास्की, बागलुङ, तनहुँ र नवलपुर गरी चार ठाउँबाट सवारी चालक अनुमतिपत्र (लाइसेन्स) परीक्षा सञ्चालन हुँदै आएको छ । दैनिक सयौँ जनाले लाइसेन्सका लागि लिखित र प्रयोगात्मक परीक्षा दिन्छन् ।

सवारी चालक अनुमतिपत्र सेवालाई सहज र छरितो बनाउन अनलाइन भुक्तानी सेवा गण्डकी प्रदेशबाटै सुरु भएको छ । तत्काललाई कास्कीबाट सुरु भएको उक्त सेवा छिट्टै बागलुङ, तनहुँ र नवलपुर कार्यालयबाट पनि सुरु हुने मन्त्रालयका प्रवक्ता टिकाराम पौडेलले जानकारी दिनुभयो । यातायात कार्यालय कास्कीमा दर्ता भएका सवारी साधनको विवरण डिजिटलाइजेसन भएको छ । चालु आर्थिक वर्षमा अन्य यातायात कार्यालयमा रहेका सवारी साधनको अभिलेखलाई पनि डिजिटलाइजेसन गर्ने तयारी भएको छ। अभिलेखलाई डिजिटलाइजेशन गरेर सर्भरमा राखेपछि सेवाग्राही धेरै समय पालो पर्खेर बस्नु नपर्ने, ढड्डा खोज्दा हुने समयको बचत र झन्झट हटेको यातायात कार्यालय कास्कीका प्रमुख डिल्ली रिजालले बताउनुभयो ।

# मासु र घाँसमा किसानलाई अनुदान

**रासस**
बागलुङ, १८ भदौं

बागलुङ जिल्ला मासुमा आत्मनिर्भर भइसकेको छ । जिल्लालाई मासुमा आत्मनिर्भर बनाउँदै खसीबोका निर्यात गर्ने उद्देशयले भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र बागलुङले मासु र घाँसमा किसानलाई अनुदान दिने कार्यक्रम ल्याइएको जनाएको छ ।

जनसङ्ख्याका आधारमा जिल्लामा चाहिने मासुमा आत्मनिर्भर भइसकेकाले निर्यात बढाउने उद्देश्यले घाँस र मासुलाई जोडेर अनुदान कार्यक्रम ल्याइएको केन्द्रका वरिष्ठ पशु चिकित्सक डा ऋषिराम सापकोटाले बताउनुभयो । उहाँका अनुसार उत्पादनका आधारमा अनुदान अहिलेका व्यावसायिक किसानको माग रहेकाले उत्पादन लक्षित कार्यक्रममा अनुदान दिन थालिएको छ । मासुमा आत्मनिर्भर भइसकेकाले मासुको उत्पादन बढाएर निर्यात गर्नका लागि चालु आर्थिक वर्षमा मासु र घाँसलाई जोडेर अनुदानको कार्यक्रम ल्याइएको भन्दै सापकोटाले उत्पादनको आधारमा बाँझो जग्गामा लगाइएको घाँसमा अनुदान दिन रू ३८ लाख बजेट विनियोजन गरिएको जानकारी दिनुभयो । बागलुङमा खसीबोकाको उत्पादन राम्रो भइरहेको बताउँदै केन्द्रले घाँसमा आधारित मासु वृद्धिका लागि दुवैमा अनुदानको कार्यक्रम ल्याएको उहाँको भनाइ थियो ।

"धेरै अनुदानका कार्यक्रम परिमार्जन गरेका छौँ । गाईभैँसीलाई गोठ बनाउने, बाख्रालाई खोर बनाउन लाखौँ लगानी गर्ने खोरमा पशु नहुने अवस्थाले हामीलाई नै समस्या बनायो, उत्पादनका आधारमा अनुदान दिँदा वास्तविक कृषकले लाभ पाउने देखिन्छ", प्रमुख सापकोटाले भन्नुभयो, "खसीबोकाको मासुलाई आधार मानेर मासुमा अनुदान र बाँझो जग्गामा व्यावसायिक घाँसखेती गर्ने कृषकलाई रोपनीका आधारमा अनुदान दिन थालिएको हो ।"

मासुमा अनुदान कार्यक्रम सहकारी र समूहमार्फत गरिएको सामूहिक बाख्रापालन केन्द्रित बन्ने सापकोटाको भनाइ छ । यस्तै घाँसमा आधारित पशुपालनलाई प्रोत्साहन गर्न र बाँझो जग्गाको सदुपयोग गर्नका लागि घाँसमा समेत अनुदान दिन थालिएको बताउँदै उहाँले यस्तो कार्यक्रम पहिलोपटक ल्याइएको बताउनुभयो । दुवै अनुदानको कार्यक्रमले एउटै उद्देश्य मासुको वृद्धि रहेको बताउँदै प्रदेश सरकारले कार्यविधि बनाएर पठाउने र सोही कार्यविधिअनुसार वितरण गरिने प्रमुख सापकोटाले जानकारी दिनुभयो । उहाँका अनुसार मासुमा प्रतिकेजी रू २० र घाँसमा प्रतिरोपनी रू तीन हजारका दरले बहुवर्षे व्यावसायिक घाँसलाई अनुदान दिइनेछ । चालु आवमा एक हजार मेट्रिकटन मासुका लागि रू २० लाख र छ सय रोपनी जग्गाको घाँस खेतीका लागि रू १८ लाखको दरले अनुदान दिइनेछ । भौतिक निर्माणमा अनुदान वितरण गर्दा प्रभावकारी नभएपछि उत्पादनका आधारमा अनुदान दिन थालिएको हो ।

पछिल्लो समय बाँदरको समस्याका कारण जग्गा बाँझो हुँन थालेपछि राज्यले बाँझो जग्गा सदुपयोगको नीतिअनुसार व्यावसायिक घाँसखेती गर्दा जग्गाको सदुपयोग मासुको उत्पादन बढाउने लक्ष्य लिइएको सापकोटाले बताउनुभयो । उहाँका अनुसार बाख्रापालनको सम्भावना बढी भएको ठाउँका कृषकलाई लक्षित गरी यो कार्यक्रम सञ्चालन गरिनेछ ।

बागलुङको काठेखोला गाउँपालिका-४ तङ्ग्रामका दुई सहकारीले गाउँमा उत्पादित खसीबोकाको बजारीकरण गरेर वार्षिक रू तीन करोड भित्र्याउँदै आएका छन् ।

# व्यवस्थित बसपार्कको पर्खाइमा पोखरा

**पोखरापत्र संवाददाता**
पोखरा, १८ भदौं

हिउँचुचुरा र तालतलैया सम्झेर पोखरा व्यवस्थित बसपार्कको पर्खाइमा भएको लामो समय भयो । पोखरामहानगरपालिका-९ पृथ्वीचोकस्थित हालको बसपार्कको दूरावस्थाले पर्यटकीय सहर पोखरालाई नै गिज्जाए झैँ लाग्छ ।

पर्यटकीय नगरी पोखराको बसपार्क ४८ वर्षयता उसैगरी सञ्चालन भइरहेको छ । बसपार्कका लागि विसं २०३२ मा अधिग्रहण गरिएको जग्गा अतिक्रमणमा परेर खुम्चिँदै गएको छ । अव्यवस्थित घरटहरा, फोहरको दुर्गन्ध, बिजुलीका जीर्ण पोल, लत्रिएका तार, हिलाम्मे सडक पानी जमेका खाल्डाखुल्डीले बसपार्कलाई कुरुप बनाएका छन् । न व्यवस्थित टिकट काउण्टर छ न त बस राख्ने ट्र्याक नै राम्रो छ । किनारामा थन्काइएका थोत्रा बसले बसपार्कको बेहाल र लाजमर्दो स्थितिलाई दर्शाइरहेको छ । झण्डै आधा शताब्दी बित्न लाग्दासमेत बसपार्क बन्ने कुनै टुङ्गो छैन । पोखरा उपत्यका नगर विकास समितिले उहिल्यै देखेको सुविधासम्पन्न बसपार्कको सपना अझै अधुरै छ । जीर्ण र काम चलाउ बसपार्कबाट पोखराले कहिले मुक्ति पाउँछ ? चित्तबुझ्दो जवाफ कसैसँग छैन । पृथ्वी राजमार्ग बस सञ्चालक कम्पनी प्रालिका अध्यक्ष योगेन्द्र केसीले बसपार्कले पर्यटनको राजधानी सहर पोखराकै बदनाम गरेको बताउनुहुन्छ । "नेपाललाई अन्तर्राष्ट्रिय जगतमा चिनाउने पोखरामा स्तरीय बसपार्क बन्न नसक्नु दुर्भाग्य हो, बसपार्कको बेहाल देख्दा हामीलाई पनि पीडा हुन्छ", उहाँले दुःखेसो पोख्नुभयो, "राजनीतिको दुश्चक्रमा बसपार्क फस्यो, राज्यका निकायले पनि बसपार्क बनाउन इच्छाशक्ति देखाएनन् ।" अध्यक्ष केसीका अनुसार सो बसपार्क भएर दैनिक झण्डै तीन सय सवारी साधन देशका विभिन्न गन्तव्यमा गुड्छन् । गण्डकी प्रदेशको राजधानी पोखरासँग ६३ जिल्लाको यातायात सञ्जाल जोडिएको छ । "पोखरा एकातिर प्रदेशको राजधानी सहर हो, अर्कातिर पर्यटनको केन्द्र", अध्यक्ष केसीले भन्नुभयो, "बसपार्कसहित यहाँका सहरी पूर्वाधारले प्रदेशकै चिनारी दिइरहेको हुन्छ, अब पनि बसपार्क नबनाउने हो भने पोखराबाट राम्रो सन्देश जाँदैन ।" उहाँले बसपार्कमा ढलान, पार्किङ ट्र्याक, यात्रु विश्राम कक्ष निर्माण, शौचालय, खानेपानीलगायत पूर्वाधारको खाँचो रहेको बताउनुभयो । यातायात व्यवसायीले पटकपटक बसपार्क स्तरोन्नतिको माग गर्दै आए पनि पोखरा महानगर र प्रदेश सरकारबाट कुनै सुनुवाइ नभएको अध्यक्ष केसीले गुनासो गर्नुभयो । बसपार्क अस्तव्यस्त भएपछि गाडीले राजमार्ग छेउछाउबाटै यात्रु चढाउने र ओराल्ने गर्छन् । टिकट काउण्टर पनि बाहिरी सडकमा छन् । पोखरा महानगरले पृथ्वीचोकदेखि चाइना पुलसम्म पार्किङ निषेध गरेपछि पछिल्लो समय बसपार्कबाटै गाडी छुट्न थालेको ट्राफिक प्रहरी कार्यालय, कास्कीका प्रहरी वरिष्ठ नायब निरीक्षक शिवप्रसाद पाठकले बताउनुभयो । हिलाम्मे बाटो र भित्र उभिने ठाउँ पनि नभएकाले यात्रुहरु बसपार्क छिर्नै नचाहने गरेको उहाँको भनाइ छ । "जहीँतहीँ हिलो र खाल्डाखुल्डी छन्, भित्र गएर उभिने ठाउँ पनि छैन, अझैपनि बाहिरबाटै यात्रु चढाउनुपर्ने बाध्यता गाडीलाई छ", पाठकले भन्नुभयो, "पहिले सडकछेउमै बस रोक्ने, यात्रु चढाउने, झार्ने गर्दा पृथ्वीचोक क्षेत्र अस्तव्यस्त देखिने गर्थ्यो, अहिले केही कम भएको छ, बसपार्क बन्यो ट्राफिक व्यवस्थापन धेरै सहज हुन्छ ।" अहिलेसम्म बसपार्कलाई चाहिने कुनै पनि पूर्वाधार नबनेको उहाँले उल्लेख गर्नुभयो । तीव्र सहरीकरण र सवारीसाधनको चापलाई दृष्टिगत गरेर पोखरामा आधुनिक सुविधायुक्त बसपार्क बनाउनुपर्ने उहाँको भनाइ छ । स्थानीय व्यवसायी कमल कुँवरले बसपार्क नबन्दा हिउँदमा धूलो र बर्खामा हिलोको सास्ती खेप्नुपरिरहेको बताउनुभयो । "गत वर्ष नाला बनाएर छाडेको छ, अरु केही काम भएको छैन, निर्माण अलपत्र पर्दा बसपार्क झन् लथालिङ्ग बनेको छ", उहाँले भन्नुभयो, "दशकौँदेखि बसपार्क बेहाल अवस्थामा छ, चुनाव आउँदा नेताहरुले बसपार्कको मुद्दा उठाउँछन्, अघिपछि कुरा सेलाउँछ, महानगरले पनि खासै चासो लिएको देखिन्न ।" पोखरा महानगरको यातायात व्यवस्था समितिका उपाध्यक्ष एवं वडा नं १६ का वडाध्यक्ष अमृत शर्मा तिमिल्सिनाले बसपार्क सुधार र व्यवस्थापनको काम थालिएको बताउनुभयो । "आधुनिक बसपार्कका लागि जग्गाको समस्या छ, भएको जग्गामा तत्काललाई सामान्य पूर्वाधार र मर्मतसुधारको काम गर्दैछौँ", उहाँले भन्नुभयो, "बसपार्क जाने सडक ढलान हुँदैछ, यात्रु प्रतीक्षालय पनि बन्दैछ ।" ग्राभेल विच्छ्याएर हिलो र खाल्डाखुल्डी पुरिने वडाध्यक्ष तिमिल्सिनाले बताउनुभयो । बसपार्क क्षेत्रमा अव्यवस्थित रुपमा सञ्चालित ग्यारेज र टिकट काउण्टर पनि हटाउन थालिएको उहाँको भनाइ छ । "छोटो र लामो दुरीका बसका लागि अलग-अलग ब्लक बनाउने तयारीमा छौँ, यात्रुका लागि पदैलमार्ग पनि बन्छ", वडाध्यक्ष तिमिल्सिनाले भन्नुभयो, "अहिलेको तुलनामा बसपार्क केही व्यवस्थित बन्दैछ ।" सुरुमा दुई सय पाँच रोपनी जग्गा अधिग्रहण गरिएकामा अहिले बसपार्कका लागि करिब ६० रोपनी मात्र जग्गा बाँकी रहेको महानगरले जनाएको छ । बसपार्क बनाउने भनिएको जग्गामा स्थानीयवासी, पुरानो विमानस्थल बनाउँदा सारिएका र सुकुम्बासी परिवारको बसोबास छ । पोखरा महानगर अन्तर्गत पोखरा उपत्यका नगर विकास समितिका नाममा रहेको उक्त जग्गा पटकपटक अतिक्रमणमा पर्दै आएको छ । कति जग्गा घडेरीका रुपमा बिक्री भयो, कति अतिक्रमणमा पऱ्यो भन्ने यकिन तथ्याङ्क कुनै निकायसँग छैन । दुई सय पाँच रोपनीमध्ये केही जग्गा पृथ्वी राजमार्गमा पर्दा पछि बसपार्कका नाममा एक सय ८७ रोपनी कायम भएको थियो । उक्त जग्गा पनि अहिले घट्दैघट्दै ६० रोपनीभन्दा पनि कममा झरेको छ । जग्गाकै कारण पृथ्वीचोकमा ठूलो बसपार्क बन्ने सम्भावना नरहेको भन्दै महानगरले 'सिटी' बसपार्कको योजना अघि सारेको छ । पोखरा-३२ लामेआहालमा प्रादेशिक बसपार्क बनाउने गण्डकी प्रदेश सरकारको प्रस्ताव पनि अलपत्र परेको छ । दुई सय ७३ रोपनी क्षेत्रफलमा बनाउने भनिएको उक्त बसपार्कका लागि लगानीको स्रोत जुट्न नसकेको प्रदेश सरकारले जनाएको छ । भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री रेशमबहादुर जुग्जालीले बसपार्क निर्माणमा महानगरसँग समन्वय गरेर अघि बढ्ने बताउनुभयो । "प्रदेश राजधानीमा सुविधासम्पन्न बसपार्क नहुनु हामी सबैको बिडम्वना हो, बसपार्क बनाउने विषयमा महानगरसँग मिलेर पहल थाल्छौँ", उहाँले भन्नुभयो ।

# मुख्यमन्त्री पाण्डेद्वारा दमौली अस्पताल अनुगमन

**पोखरापत्र संवाददाता**
तनहुँ, १८ भदौं

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले तनहुँ सदरमुकामस्थित दमौली अस्पतालको आज अनुगमन गर्नुभएको छ । विभिन्न कार्यक्रममा सहभागी हुन जिल्ला आउनुभएका मुख्यमन्त्री पाण्डेले अस्पतालको अनुगमन गर्दै सेवाप्रवाहका बारेमा जानकारी लिनुभएको हो ।

सो अवसरमा मुख्यमन्त्री पाण्डेले बिरामी कक्ष, ओपिडी कक्ष लगायतको स्थलगत निरीक्षण गर्नुभएको थियो । निरीक्षणपश्चात् आयोजित छलफल क्रममा मुख्यमन्त्री पाण्डेले अस्पतालको स्तरोन्नतिलाई प्रदेश सरकारले प्राथमिकतामा राखेको उल्लेख गर्नुभयो । विभिन्न चरणमा अस्पतालको स्तरोन्नतिका लागि प्रदेश सरकारलाई आग्रह गरिएको बारेमा आफू जानकार रहेको भन्दै मुख्यमन्त्री पाण्डेले यस विषयमा आफू गम्भीर रहेको उल्लेख गर्नुभयो । गण्डकी प्रदेशसभा सदस्य हरिबहादुर चुमान, अशोककुमार श्रेष्ठ, व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले अस्पतालको स्तरोन्नति अति आवश्यक भइसकेकाले यसमा विशेष ध्यान दिन मुख्यमन्त्री पाण्डेको ध्यानाकर्षण गराउनुभयो । सो क्रममा अस्पतालक.ा प्रमुख डा परिवर्तन बरालले अस्पतालको वर्तमान अवस्था र सेवाप्रवाहका बारेमा जानकारी गराउनुभयो । दमौली अस्पताल व्यवस्थापन समितिका अध्यक्ष देवेन्द्र थापाले तीव्र सहरीकरण र बढ्दो जनसङ्ख्यासँगै अस्पताल स्तरोन्नतिको आवश्यकता खड्किएको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "अस्पतालको विस्तार गर्नुपर्ने अति आवश्यक भइसकेको छ, बिरामीको चाप बढ्दो छ, अहिल्यैकै अवस्थामा सेवा प्रवाह गर्न कठिनाइ भइरहेको छ ।"

अस्पताल विस्तारका लागि सङ्घीय सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले कृषि ज्ञान केन्द्र र भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्र तनहुँको स्वामित्वमा रहेको जग्गा अस्पताल विस्तारका लागि प्रदान गर्ने निर्णय गरिसकेको छ । कृषि ज्ञान केन्द्रको दुई रोपनी र पशु सेवाविज्ञ केन्द्रको डेढ रोपनी जग्गा अस्पतालका लागि भोगचलन गर्न प्राप्त भएको छ । तर त्यसका लागि सम्झौता गर्न बाँकी छ । विसं २०३४ मा स्वास्थ्यचौकीका रूपमा स्थापना र विसं २०५५ मा प्राथमिक स्वास्थ्य केन्द्रका रूपमा स्तरोन्नति भएको यस अस्पताल विसं २०५९ मा अस्पतालका रूपमा स्तरोन्नति भएको थियो । अस्पतालमा फोहोर पानीको व्यवस्थापन, फोहोरमैला व्यवस्थापनका लागि अटोक्लेप्स सहितको भवन निर्माण, आँखा विशेषज्ञ सहितको सेवा सञ्चालन, अत्याधुनिक दाँत सेवा, यनेस्थेसिया सेवा, भेन्टिलेटरसहित आइसियु कक्ष, अत्याधुनिक ल्याब सेवा, डिजिटल एक्स-रे, निःशुल्क औषधि कक्ष लगायतका सेवा विस्तार भइसकेको छ । अस्पतालले इमर्जेन्सी सेवा, फार्मेसी, एआरटी, ल्याब्रोटोरी, दन्त, आँखा सेवाका अतिरिक्त मानसिक उपचार र डायलासिस सेवासमेत प्रदान गर्दै आइरहेको छ ।

# मलाई कथाले आकर्षित गर्छ

**रासस**
काठमाडौं, १८ भदौं

अभिनेत्री मनिषा कोइराला नेपाली चलचित्रमा नदेखिनुभएको लामो समय भइसकेको छ ।

नेपाली चलचित्र 'धर्मा' मा अभिनय गर्नुभएकी अभिनेत्री कोइराला भारतीय चलचित्र र शृङ्खलामै व्यस्त हुनुहुन्छ । उहाँले हालै सम्पन्न एक छलफलमा नेपाली चलचित्रको विषयवस्तुले आकर्षण गरेमा अभिनय गर्ने बताउनुभयो । "नेपाली चलचित्रमा काम गर्ने इच्छा नभएको होइन । तर समय र परिस्थिति मिलेको छैन । राम्रो कथाले मलाई पक्कै आकर्षित गर्छ", अभिनेत्री कोइरालाले भन्नुभयो । उहाँले चलचित्रको कथा माटो सुहाउँदो हुनुपर्नेमा जोड दिनुभयो । पछिल्लो समय नेपाली चलचित्र र शृङ्खला जोडिन चाहिरहेको ओभर दी टप (ओटिटी) मा स्थानीय कथा नै खोजिने उहाँले बताउनुभयो । "मैले ओटिटीमासमेत काम गरेकी छु । त्यो माध्यमले विश्वभरका दर्शकलाई सुविधा दिन्छ । ओटिटीका सञ्चालक जुन देशको कथा हो, त्यहाँको माटोसँग जोडिनुपर्छ भन्छन्", अभिनेत्री कोइरालाले भन्नुभयो ।